नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०७३।६।२२

## प्रेस विज्ञप्ति

मिति २०७३/०६/०९ गते पूर्व गृहमन्त्री श्री माधव प्रसाद घिमिरे चढनुभएको जीप चितवन जिल्लाको दारेचोक-३,घोप्टेभीरमा दुर्घटना भई त्रिशुली नदीमा खसेपछि जीप सहित पूर्व गृहमन्त्री माधव प्रसाद घिमिरे, उहाँका भाइ प्रकाश घिमिरे र आफन्त मोहन घिमिरे बेपत्ता हुनुभएको थियो । दुर्घटनापश्चात् सघन रुपमा खोजी कार्य जारी रहेकोमा आज २०७३/६/२२ गते विहान अन्दाजी ७.४५ बजे दुर्घटनास्थलदेखि करीब ३० किलोमिटर तल दक्षिणतर्फ त्रिशुली नदीको तनहुँ जिल्लातर्फको किनार देवघाट-४ बगही बगरमा बेपत्ता हुनुभएकामध्ये श्री मोहन घिमिरेको शव फेला परेको छ । उक्त शवलाई आवश्यक कानूनी प्रक्रिया पुऱ्याई स्थानीय प्रशासनबाट आजै काठमाण्डौ पठाइएको र खोजी कार्यलाई निरन्तरता दिइरहेको व्यहोरा समेत सम्बद्ध सबै पक्षलाई जानकारी गराउँदछु ।

(बालकृष्ण पन्थी)
प्रवक्ता